लमही नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लमही, दाङ ।

## कार्यपालिका बैठकको निर्णय मिति : २०७६।०९।१७ गते ।

निर्णय नं. १ : यस लमही नगरपालिकाको छैठौं नगरसभा मिति २०७६/१०/१७ गते शुक्रबारका दिन आयोजना गर्ने ।

निर्णय नं. २ : आ. व. २०७७/७८ का लागि संघीय सरकारबाट प्राप्त हुने समपुरक तथा विशेष अनुदान सम्बन्धि आयोजना देहाय बमोजिम प्रथमिकताक्रम राखी छनोट गर्ने ।

तपसिल

क) समपुरक अनुदान अन्तर्गतका प्रस्तावित आयोजनाहरु

**प्राथमिकता नं. १.** लमही न.पा. वार्ड नं. २ को रनियापुर राजपुर जोड्ने पक्की पुल

**प्राथमिकता नं. २.** लमही न.पा. वार्ड नं. ३ को जखेरा ताल पुग्ने सडकखण्डको बाँकिरहेको खण्ड कालोपत्रे

**प्राथमिकता नं. ३.** लमही न.पा. वार्ड नं.४ को चैलाही गाँउ जोडने वगाइ सोतामा पक्की पुल (Chaulahi Gaun Maa Pul )

ख) विशेष अनुदान अन्तर्गतका प्रस्तावित आयोजनाहरु

**प्राथमिकता नं. १.** लमही न.पा.वार्ड नं. ५ को फोहोरमैला वर्गीकरण आयोजना

**प्राथमिकता नं. २.** लमही न.पा.वार्ड नं. १ को बसन्तपुर खानेपानी आयोजना

**प्राथमिकता नं. ३.** लमही नगरपालिका वार्ड नं. ९ को अमेलियामा बर्थीङ सेन्टर स्थापनाको लागि पूर्वाधार निर्माण

निर्णय नं. ३ : लमही नगरपालिका क्षेत्रभित्र पर्ने लमही कोइलावास सडकमा पर्ने घरहरुको मुआब्जा व्यवस्थापनको लागि लगत तयार पार्न आवश्यक प्राविधिकको सेवा लिइ कार्य सम्पन्न गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही दाङ
५ नं. प्रदेश, नेपाल

**निर्णय नं. ४** : लमही नगरपालिकामा संचालन हुनगईरहेको खानेपानि, सरसफाई र स्वच्छता(WASH) सम्वन्धी योजनाको स्थानीय तहस्तरीय खानेपानि, सरसफाई र स्वच्छता समिति कार्यविधी अनुसार गठन गर्ने तथा WASH योजनाको लागि आवश्यकपर्ने जनशक्ति (गणक) प्रत्येक वडाले विज्ञापन खोलि तोकिएका शर्तअनुसार प्रति वडा ३ जना नबढने गरि वडा समितिले सिफारिस गरि पठाउने र नगरपालिकाबाट सेवा करार सम्झौता गर्ने साथै गणकलाई प्रतिघर ३५/- रुपैयाँका दरले पारिश्रमिक दिने ।

**निर्णय नं. ५** : यस लमही नगरपालिका वडा नं. ९ को वडा कार्यालयमा पशुसेवा इकाई स्थापना गर्ने तथा सो कार्यक्रम सञ्चालनार्थ आवश्यकपर्ने जनशक्ति तत्काल खटाउने ।

**निर्णय नं. ६** : यस लमही नगरपालिकाको श-शर्त अनुदान तर्फ एकिकृत बाल स्वास्थ्य एवं पोषण कार्यक्रम अन्तर्गत लमही नगरपालिकाको वडा नं. १ को वडा कार्यालयमा स्तनपान कक्ष स्थापना गर्ने ।

**निर्णय नं. ७** : आ.व. ०७४/०७५ मा नगरपालिकाले शिलबन्दी दरभाउपत्रबाट विक्री वितरण गरिएका काठदाउराको श्री चन्द्र फर्निचरबाट मिति २०७५/०३/०४ मा प्राप्त आय रकम रु. ९७०५१।-(सन्तानब्बे हजार एकाउन्न) लमही नगरपालिकाको सञ्चीत कोषबाट संघीय सञ्चीत कोषमा जम्मा गर्ने ।

**निर्णय नं. ८** : यस लमही नगरपालिका नगरकार्यपालिकाको "घ" वर्ग निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधी, २०७५ अनुसार आएका निवेदन मध्ये देहायका निर्माण व्यवसायीहरुलाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र उपलब्ध गराउन स्विकृति दिने ।

**तपसिल**

**क) अमित निर्माण सेवा, ल.न.पा.–१, दाङ्ग**

**ख) कमला देवी निर्माण सेवा, ल.न.पा.–१, दाङ्ग**

**निर्णय नं. ९** : यस नगरपालिकाको लागि आवश्यक प्रविधिक जनशक्ति इन्जिनियर १ (एक) र सव-इन्जिनियर १ (एक) जना सेवा करार बाट लिने र सोको लागि प्रमुख प्रशासकिय अधिकृत ले सिधै सेवा करार सम्झौता गरी कार्य सम्पादन गर्न स्विकृती दिने ।

**निर्णय नं. १०** : लमही नगरपालिकाको प्रतिक चिन्ह बनाउने सम्बन्धमा पहिलेको सूचना अनुसार आएको प्रस्ताव कायमै राखी पूनः १५ दिने प्रस्ताव माँग गरी सूचना प्रकाशन गर्ने ।

६/३/७५

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं. ११ : भम्रण वर्ष २०२० लाई प्रर्वद्धन गर्न तथा नगरपालिकाको संक्षिप्त पर्यटकीय स्थलहरुको विद्युतीय विवरण सहित जानकारी दिने उद्देश्यले डिजिटल भिडियो बोर्ड खरिद गर्ने र त्यो बोर्डलाई लमही वजारको कोइलावास चोकमा राख्न स्विकृति दिने ।

निर्णय नं. १२ : यस नगर भित्रका तपसिल वमोजिमका प्रस्तावित आयोजनाको DPR तयार पार्न नगर विकास कोष (Town Development Fund), काठमाण्डौ, समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

क) लमही न.पा. वार्ड नं. ७ को राप्ती नदी छेउको ऐलानी जग्गामा अटो भिलेज पार्क निर्माण आयोजना

ख) लमही न.पा. वार्ड नं. ५ को वडा कार्यालयसगै रहेको खाली जग्गामा सब्जीमण्डी निर्माण आयोजना

ग) लमही न.पा. वार्ड नं. ५ को हालको डम्पीङ् साइट रहेको स्थानमा फोहोरमैला वर्गिकरण आयोजना

घ) लमही न.पा. वार्ड नं. ५ को वजार क्षेत्रमा रहेको धर्मशालाको रुपमा प्रयोग भइरहेको जग्गामा बहुउद्देशिय भवन निर्माण

निर्णय नं. १३ : गत आ.ब. ०७५/०७६ मा वार्ड नं.४ को सेमरहवा, घुम्ना र बुटकहवामा ढुङ्गा गिट्टी वालुवाको सुपरभिजन गर्न लमही नगरपालिका र सुपरभाईजर श्री उमेश कुमार चौधरी विच भएको ज्यालादारी सेवा सम्वन्धी सम्झौता अनुरुप हुन आउने रकम आ. ब. ०७६/०७७ को बजेट अन्तर्गत परमर्श सेवा शिर्षकबाट भुक्तानी दिने ।

निर्णय नं. १४ : लमही नगरपालिका क्षेत्रका ऐलानी जग्गामा १० वर्ष वा सो भन्दा वढी समय देखि बसोबास गरिरहेका लमही नगरबासीहरुले व्यावसायी फर्म दर्ता गर्न चाहेमा निजहरुको नेपाली नागरिकता तथा लमही नगरपालिका भित्र बसाईसरी आई स्थाई बसोबासको प्रमाणपत्रको छायाँप्रति सहित निवेदन पेश हुन आएमा रु ५ लाख सम्मका व्यावसाय फर्म दर्ताको लागि स्विकृति प्रदान गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही दाङ
५ नं. प्रदेश, नेपाल

निर्णय नं. १५ : भम्रण वर्ष २०२० लक्षित प्रर्यटन प्रर्वद्धन गर्ने कार्यक्रमको लागि यस लमही नगरपालिकामा गठित नगरस्तरिय पर्यटन प्रर्वद्धन समितिको प्रस्ताव वमोजिमका १२ महिनामा १२ कार्यक्रमको लागि आवस्यक पर्ने आर्थिक तथा अन्य व्यवस्थापकिय सहयोग स्वीकृति गरि भव्यताकासाथ भम्रण वर्ष २०२० सफल बनाउने ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner